# एकीकृत वित्तीय विवरण

## (सङ्घ, प्रदेश र स्थानीय सरकारहरू)

### आर्थिक वर्ष २०८०/८१

नेपाल सरकार
अर्थ मन्त्रालय

**महालेखा नियन्त्रक कार्यालय**

अनामनगर, काठमाडौं, नेपाल

# उत्तरदायित्वको स्पष्टोक्ति

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५ बमोजिम सङ्घीय सञ्चित कोष, प्रदेश सञ्चित कोष र स्थानीय सञ्चित कोष तथा अन्य सरकारी कोषको वित्तीय विवरणको आधारमा आर्थिक वर्ष २०८०।८१ को एकीकृत वित्तीय विवरण तयार गरिएको छ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५६(१) बमोजिम नेपाल सरकारले अपनाएको नगदमा आधारित दोहोरो लेखा प्रणाली अनुसार राखिएको लेखाको सोही ऐनको दफा २५(४) बमोजिम महालेखापरीक्षकबाट स्वीकृत गरिएको लेखा ढाँचा र दफा ५(२) अनुरुप नेपाल सरकारले स्वीकृत गरेको नेपाल सार्वजनिक क्षेत्र लेखामान, २०७९ को मानदण्डमा आधारित भई यो वित्तीय विवरण तयार गरिएको छ। प्रस्तुत विवरणले नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह समेत तिनै तहका सरकारहरूको आर्थिक वर्ष २०८०।८१ को समग्र वित्तीय स्थिति र कारोवारहरूलाई प्रतिविम्बित गरेको छ। उपर्युक्त वित्तीय विवरण कानुनी प्रावधानसम्मत हुनुका साथै पूर्ण र विश्वसनीय छन्।

..........................

(विनोदप्रकाश सिंह)

महालेखा नियन्त्रक

मितिः २०८१।०९।१४

## प्राक्कथन

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ बमोजिम सङ्घीय सञ्चित कोष तथा अन्य सरकारी कोषको सञ्चालन तथा व्यवस्थापन, सरकारी सम्पत्तिको अभिलेख र प्रतिवेदन, आर्थिक प्रशासनको सञ्चालन एवं आन्तरिक लेखापरीक्षण गर्ने गराउने साथै सङ्घ, प्रदेश र स्थानीय गरी तिनै तहका सरकारहरूको एकीकृत वित्तीय विवरण तयार गर्ने जिम्मेवारी समेत महालेखा नियन्त्रक कार्यालयको रहेको छ।कानुनले सम्बन्धित लेखा उत्तरदायी अधिकृतहरूलाई नै आफ्नो निकायको आर्थिक कारोबारको सञ्चालन, लेखांकन, लेखापरीक्षण एवं प्रतिवेदनका विषयमा जिम्मेवारी प्रदान गरेको छ।तदनुरूप सम्बन्धित लेखा उत्तरदायी अधिकृतहरूले तयार गरी पेस गरेको केन्द्रीय लेखाको विवरण, कोष तथा लेखा नियन्त्रक कार्यालयहरूबाट प्राप्त जिल्लागत एकीकृत वित्तीय विवरण र सरकारी कारोबारको बैङ्क विवरण, प्रदेश लेखा नियन्त्रक कार्यालयहरूबाट प्राप्त भएको प्रदेशगत एकीकृत वित्तीय विवरण तथा स्थानीय तहको संचितकोष व्यवस्थापन प्रणाली (Su-TRA) बाट प्राप्त स्थानीय सरकारहरूको एकीकृत वित्तीय विवरणहरूमा आधारित भई तिनै तहका सरकारको आर्थिक वर्ष २०८०।८१ को एकीकृत वित्तीय विवरण तयार गरिएको छ । प्रस्तुत एकीकृत वित्तीय विवरण नेपाल सरकारले स्वीकृत गरेको नेपाल सार्वजनिक क्षेत्र लेखामान,२०७९ अनुरुप तयार गरिएको छ ।

प्रस्तुत वित्तीय विवरणमा गत आर्थिक वर्ष २०८०।८१ मा तीनवटै तहका सरकारहरूको बजेट तथा गैर बजेटरी निकायको कुल प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट निकायको प्राप्ति र भुक्तानीको वार्षिक प्रतिवेदन, गैर बजेटरी निकायको प्राप्ति र भुक्तानीको वार्षिक प्रतिवेदन, बजेट निकायको बजेटको तुलनात्मक विवरण, संघीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण, संघीय विभाज्य कोषको वार्षिक विवरण, सेवा तथा कार्यगत खर्चको एकीकृत विवरण, लेखा नीति तथा टिप्पणीहरू र सम्बन्धित अनुसूचीहरूलाई समेत समावेश गरिएको छ।यसैगरी सरकारी कारोबार निर्देशिका २०७६ ले व्यवस्था गरे बमोजिम कोष तथा लेखा नियन्त्रक कार्यालयहरू, प्रदेश लेखा एकाइ कार्यालयहरू एवं स्थानीय तहहरूका नाममा रहेका विभिन्न समूहका सरकारी कारोबारका खाताहरूको अन्तिम मौज्दात रकमको विवरण, नेपाल सरकारले प्राप्त गर्न बाँकी सोधभर्नाको रकमको वार्षिक विवरण, नेपाल सरकारको ऋण, दायित्व तथा शेयर लगानीको वार्षिक विवरण एवं सार्वजनिक सम्पत्तिको एकीकृत वार्षिक विवरणहरू लगायतका प्रतिवेदनहरु समावेश गरिएको छ।यसका अलावा प्रतिवेदनमा तिनै तहका सरकारसँग सम्बन्धित बजेट प्रणाली बाहिरका एक्स्ट्रा बजेटरी / गैर बजेटरी निकायहरूको प्राप्ति र भुक्तानी समेतका विवरणहरू पनि समावेश गरिएको छ।यस्ता गैर बजेटरी निकायहरूका आ-आफ्नै कानूनी आधार एवं लेखा ढाँचा रहेका तथा अन्तरआबद्धता भएको एकिकृत प्रणाली समेतको अभावमा अझै पनि यस्ता सबै निकायहरूको पूर्ण विवरण एकीकृत वित्तीय प्रतिवेदनमा समावेश गर्न सकिएको छैन आगामी वर्षहरूमा यस कार्यलाई पूर्णता दिने प्रयास गरिनेछ।

सार्वजनिक क्षेत्रका वित्तीय कारोवारको प्रकृति, कानून एवं मापदण्डले तोकेका विषयवस्तुहरू समेटेर तयार गरिने वित्तीय प्रतिवेदनलाई विश्वसनीय र गुणस्तरीय बनाई वित्तीय सूचनाहरूलाई सरल, स्पष्ट एवं बोधगम्य बनाउने उद्देश्यले प्रतिवेदनहरूमा पनि समयानुकुल सुधार गर्दै आइएको छ। विगत आर्थिक वर्षहरूमा १२ भागमा विभाजन गरी वित्तीय विवरणहरू पेश हुँदै आएकोमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७ ले नेपाल सरकारले स्वीकृत गरेको लेखामान बमोजिम वित्तीय विवरण तयार गर्नु पर्ने गरी तोके बमोजिम आर्थिक वर्ष २०७९/८० बाट नेपाल सार्वजनिक क्षेत्र लेखामान, २०७९ को मानदण्ड बमोजिम एकीकृत वित्तीय प्रतिवेदन तयार गरिएको छ।प्रस्तुत

वित्तीय विवरणमा तिनै तहका सरकारको आर्थिक वर्ष २०७९/८० र २०८०/८१ को वित्तीय तथ्याङ्कहरूको तुलनात्मक विवरण समेत प्रस्तुत गरिएकोले सरोकारवाला पक्षहरूलाई उपयोगी हुने नै छ।यस वित्तीय प्रतिवेदनलाई त्रुटिरहित र विश्वसनीय बनाउन सतत् प्रयास गरिएको छ तथापि सरोकारवालाबाट प्राप्त हुने सुझाव एवं पृष्ठपोषणहरू सुधारका लागि मार्गदर्शकका रुपमा रहने नै छन् ।

प्रतिवेदन तयार गर्ने एकिकृत तथा स्वचालित प्रणालीको अभावका बावजुद पनि तिनै तहका ७६१ सरकारहरूका विवरणहरू समेटी तोकिएको ढाँचामा यथासमयमा प्रतिवेदन तयार गर्न अहोरात्र खटिनु हुने यस कार्यालयका सम्बन्धित महाशाखा प्रमुख, शाखा प्रमुख लगायत सबै कर्मचारी मित्रहरूका साथै प्रतिवेदनलाई यस रुपमा तयार पार्न सहयोग गर्ने सम्बन्धित सबैलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

मितिः २०८१।०९।१४

विनोदप्रकाश सिंह
महालेखा नियन्त्रक

# लेखा नीति र व्याख्यात्मक टिप्पणी

## १. वित्तीय विवरणको प्रस्तुति

नेपालको संविधानको भाग १० मा सङ्घीय आर्थिक कार्य प्रणाली, भाग १६ मा प्रदेश आर्थिक कार्य प्रणाली र भाग १९ मा स्थानीय आर्थिक कार्य प्रणालीको व्यवस्था रहेको छ। संविधानको धारा ११६ मा सङ्घीय सञ्चित कोष, धारा २०४ मा प्रदेश सञ्चित कोष र धारा २२९ मा स्थानीय सञ्चित कोष सम्बन्धी व्यवस्था रहेको छ। सङ्घीय सञ्चित कोष नेपाल सरकारको, प्रदेश सञ्चित कोष प्रदेश सरकारको र स्थानीय सञ्चित कोष स्थानीय सरकारको सरकारी कोष हो। सङ्घीय आर्थिक ऐन तथा अन्य प्रचलित कानुनबमोजिम प्राप्त हुने रकम सङ्घीय सञ्चित कोषमा, प्रदेश आर्थिक ऐन तथा अन्य प्रचलित कानुनबमोजिम प्राप्त हुने रकम प्रदेश सञ्चित कोषमा र स्थानीय आर्थिक ऐन तथा अन्य प्रचलित कानुनबमोजिम प्राप्त हुने रकम स्थानीय सञ्चित कोषमा दाखिला हुने व्यवस्था छ भने विनियोजन ऐन लगायतका कानूनबमोजिम सम्बन्धित तहका सञ्चित कोषबाट रकम खर्च हुने गर्दछ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७ ले लेखा राख्ने र प्रतिवेदन गर्ने सम्बन्धमा विभिन्न निकायहरूको जिम्मेवारी र कार्यविधिहरू व्यवस्थित गरेको छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ बमोजिम सङ्घीय सञ्चित कोष तथा अन्य सरकारी कोषको सञ्चालन र व्यवस्थापन गर्ने, चल- अचल सरकारी सम्पत्तिको अभिलेख राखी प्रतिवेदन गर्ने, आर्थिक प्रशासन सञ्चालन, निर्देशन, नियन्त्रण तथा आन्तरिक लेखापरीक्षण गर्ने, गराउने तथा सङ्घ, प्रदेश र स्थानीय तहका सरकारको एकीकृत वित्तीय विवरण तयार गर्ने जिम्मेवारी महालेखा नियन्त्रक कार्यालयको रहेको छ।

आफ्नो निकायको प्राप्ति तथा भुक्तानीमा सम्बन्धित लेखा उत्तरदायी अधिकृत जिम्मेवार रहने कानुनी व्यवस्था अनुरुप सम्बन्धित लेखा उत्तरदायी अधिकृतले गरेका कारोबारहरूको आधारमा तयार गरी पेस गरेको केन्द्रीय लेखाको विवरण, कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्राप्त जिल्लागत एकीकृत वित्तीय विवरण र बैङ्क विवरण समेतका आधारमा तयार हुने केन्द्रीय लेखाको वित्तीय विवरण, प्रदेश लेखा नियन्त्रक कार्यालयहरूबाट प्राप्त भएको प्रदेशगत एकीकृत वित्तीय विवरण र स्थानीय तहको संचितकोष व्यवस्थापन प्रणाली (Su-TRA) बाट प्राप्त स्थानीय सरकारहरूको एकीकृत वित्तीय विवरणहरू यस प्रतिवेदनको मुख्य आधार रहेका छन्। वित्तीय विवरण एकीकृत गर्दा अन्तर सरकार तथा अन्तर निकाय कारोबारहरू समायोजन गरी शून्यीकृत गरिएको छ। यो विवरण वार्षिक बजेटमा राखिएका विवरणसँग तुलना गर्न सकिने गरी आवश्यक विवरणहरू समावेश गरी तयार गरिएको छ।

नेपाल सरकार तथा प्रदेश सरकारहरूको बजेट तर्जुमा, कार्यान्वयन एवं आर्थिक कारोबारहरू सञ्चालनका लागि मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) तथा प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS), एकल खाता कोष प्रणाली (TSA), सरकारी लेखा प्रणाली (CGAS), राजस्व व्यवस्थापन सूचना प्रणाली (RMIS) जस्ता प्रणालीहरू तथा यी अनलाइन प्रणालीहरूबाट प्राप्त तथ्याङ्कहरूलाई

एकीकृत गरी वित्तीय व्यवस्थापन सूचना प्रणाली (FMIS) र मन्त्रालयगत वित्तीय सूचना प्रणाली (mFMIS) मार्फत प्रतिवेदन हुने व्यवस्था कार्यान्वयनमा छ।

स्थानीय तहहरूको आर्थिक कारोबारको बजेटिङ्ग, लेखाङ्कन तथा प्रतिवेदन सम्बन्धी कार्यको लागि तयार गरिएको एकीकृत प्रणाली "स्थानीय तह सञ्चित कोष व्यवस्थापन प्रणाली (Su-TRA)" नेपाल सरकारको मिति २०७६/०१/१७ को निर्णयानुसार सबै स्थानीय तहहरूमा कार्यान्वयनमा रहेको छ। देशभरका ७५३ वटै स्थानीय सरकारहरूमा यस प्रणाली मार्फत नै बजेट तर्जुमा, लेखाङ्कन र प्रतिवेदन गर्नुपर्ने व्यवस्था गरिएको छ। स्थानीय तहहरूबाट स्थानीय सञ्चित कोष प्रणाली (Su-TRA) मा प्रविष्ट भएको विवरण र कोष तथा लेखा नियन्त्रक कार्यालयहरूले यस प्रणालीमा हिसाब भिडान गरी प्रविष्ट गरेको वित्तीय हस्तान्तरण निकासा र फिर्ता लगायतको विवरणका आधारमा स्थानीय तहको एकीकृत वित्तीय विवरण तयार गरिएको छ।

प्रस्तुत एकीकृत वार्षिक वित्तीय विवरणमा तीन तहका सरकारहरूको बजेटरी निकायको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक प्रतिवेदन, बजेटरी र सम्भव भएसम्म र बजेट प्रणाली बाहिरका एक्स्ट्रा/गैर बजेटरी निकायका प्राप्ति र भुक्तानीको वार्षिक प्रतिवेदनहरू, सञ्चित कोषहरूको वार्षिक आर्थिक विवरण, विभाज्य कोषहरूको वार्षिक विवरण, सेवा तथा कार्यगत खर्चको एकीकृत विवरण, लेखा नीति, टिप्पणी र अनुसूचीहरू लगायतका प्रतिवेदनहरु समावेश रहेका छन्।

नेपाल सरकारले स्वीकृत गरेको लेखामानमा आधारित भई गत आर्थिक वर्षमा पहिलो पटक पेश गरिएको नेपाल सरकारको केन्द्रीय लेखाको वित्तीय विवरण एवम् तिनै तहका सरकारको एकीकृत वित्तीय विवरण उपर लेखापरीक्षण पश्चात प्राप्त सुझावहरूलाई मनन गर्दै यस वर्षको एकीकृत वित्तीय विवरण तयार गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका कतिपय सुझावहरू प्रणाली परिमार्जन र विकास गर्नु पर्ने एवम् साधन स्रोत लगायतका सीमितताका कारण यसै आर्थिक वर्षमा पूर्ण रुपमा लागू गर्न नसकिएको हुँदा आगामी दिनहरूमा तत् तत् बिषयमा निरन्तर परिमार्जन गर्दै लगिने छ ।

## २. विवरण तयारीको कानुनी आधार

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३ को उपदफा (१) मा संविधान, यो ऐन र अन्य प्रचलित कानुनको अधीनमा रही सङ्घीय सञ्चित कोषको सञ्चालन महालेखा नियन्त्रक कार्यालयले गर्नेछ भन्ने व्यवस्था रहेको साथै उपदफा (२) मा सङ्घीय सञ्चित कोषको लेखा अद्यावधिक रूपमा राख्ने तथा त्यसको वार्षिक वित्तीय विवरण तयार गर्ने जिम्मेवारी महालेखा नियन्त्रक कार्यालयको हुनेछ भन्ने व्यवस्था रहेको छ।

त्यस्तै सोही ऐनको दफा ४ को उपदफा (१) मा स्थानीय तहले आफ्नो कार्यक्षेत्रभित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र ब्ययको विवरण देखिने गरी एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्नेछ

भन्ने व्यवस्था रहेको छ। यसैगरी उपदफा (२) मा प्रदेश लेखा नियन्त्रक कार्यालयले आफ्नो कार्यक्षेत्रभित्रका कार्यालयलाई नेपाल सरकारबाट प्राप्त अनुदान र राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम तथा आन्तरिक आय, ऋण तथा अनुदान र ब्ययको विवरण एवम् उपदफा (१) बमोजिम प्राप्त विवरणको आधारमा प्रदेशभित्रका स्थानीय तहको आर्थिक कारोवारको एकीकृत वित्तीय विवरण तयार गरी महालेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्नेछ भन्ने व्यवस्था रहेको छ।

माथि उल्लिखित व्यवस्थाका साथसाथै ऐनको दफा ५ को उपदफा (१) मा सङ्घीय सञ्चित कोष, प्रदेश सञ्चित कोष र स्थानीय सञ्चित कोष तथा अन्य सरकारी कोषको वित्तीय विवरणको आधारमा एकीकृत वित्तीय विवरण तयार गर्ने जिम्मेवारी महालेखा नियन्त्रक कार्यालयको हुने, प्रावधान अनुरुप महालेखा नियन्त्रक कार्यालयले उपदफा (३) र दफा ४ को उपदफा (२) बमोजिम प्राप्त विवरणको आधारमा एकीकृत वित्तीय विवरण तयार गरी अर्थ मन्त्रालयमा पठाउनु पर्ने, उपदफा (६) मा अर्थ मन्त्रालयले उपदफा (५) बमोजिम प्राप्त एकीकृत वित्तीय विवरण प्रत्येक वर्षको पुस मसान्तभित्र सार्वजनिक गर्नु पर्ने व्यवस्था रहेको छ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १० को उपनियम (१) मा स्थानीय तहले ऐनको दफा ४ को उपदफा (१) बमोजिम तयार गरेको एकीकृत वित्तीय विवरण असोज मसान्तभित्र सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने, उपनियम (२) मा प्रदेश लेखा नियन्त्रक कार्यालयले दफा ४ को उपदफा (२) बमोजिम तयार गरेको एकीकृत वित्तीय विवरण कात्तिक १५ गतेभित्र महालेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने, महालेखा नियन्त्रक कार्यालयले ऐनको दफा ५ को उपदफा (५) बमोजिम तयार गरेको विवरण पुस १५ गतेभित्र अर्थ मन्त्रालय र महालेखापरीक्षकको कार्यालयमा पठाउनु पर्ने व्यवस्था रहेको छ।

## ३. प्रतिवेदनको मानदण्ड

तीन वटै तहका सरकारहरूमा लागू रहेको एकीकृत आर्थिक सङ्केत तथा वर्गीकरण र व्याख्या, २०७४ एवम् अन्तर्राष्ट्रिय सार्वजनिक क्षेत्र लेखामान (IPSAS 2017) लाई आन्तरिकीकरण गरिएको नगदमा आधारित नेपाल सार्वजनिक क्षेत्र लेखामान,२०७९ यो वित्तीय विवरण तयारीको मुख्य आधार एवम् मानदण्ड रहेका छन्।

## ४. प्रतिवेदक निकाय

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५ बमोजिम सङ्घीय सञ्चित कोष, प्रदेश सञ्चित कोष र स्थानीय सञ्चित कोष तथा अन्य सरकारी कोषको वित्तीय विवरणको आधारमा

एकीकृत वित्तीय विवरण तयार गर्ने र प्रतिवेदन गर्ने जिम्मेवार निकाय महालेखा नियन्त्रक कार्यालय रहेको छ।

## ५. बजेटरी निकाय

तीन तहका सरकारहरूको बजेटमा पूर्ण रूपमा सहभागी हुने र प्रत्यक्ष नियन्त्रण भएका निकायलाई बजेटरी निकायको रूपमा लिइएको छ।बजेटरी व्यवस्थाका लागि केन्द्रीय निकायसँग कार्यकारी, संवैधानिक तथा कानुनी अधिकार रहेको हुन्छ। यस अन्तर्गत बजेटमा पूर्ण निर्भर रहने मन्त्रालय, विभाग, आयोजना, परियोजना तथा कार्यालयहरू रहेका छन्।

## ६. गैरबजेटरी निकाय

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ७९ को उपनियम (२) मा प्रचलित लेखामान बमोजिम बजेट प्रणाली बाहिरका (एक्स्ट्रा बजेटरी) सार्वजनिक निकाय समेतको आम्दानी, खर्च, अनुदान लगायतका विषय समावेश गरी नक्साङ्कन (म्यापिङ) गर्ने र सोको आधारमा विवरण वार्षिक एकीकृत वित्तीय विवरण तयार गरी महालेखा नियन्त्रक कार्यालय र महालेखापरीक्षकको कार्यालयमा पेश गर्नु पर्ने कानूनी व्यवस्था बमोजिम गैर बजेटरी निकायको नक्साङ्कन (म्यापिङ) गर्नका लागि यस कार्यालयबाट म्यापिङका आधारहरू स्वीकृत गरिएको र ति स्वीकृत आधारहरूमा रही गैर/ एक्स्ट्रा बजेटरी निकायहरूको समेत म्यापिङ गरी प्राप्त भएका गैर/ एक्स्ट्रा बजेटरी निकायहरूको विवरण यस वित्तीय विवरणमा एकीकृत गरिएको छ।यस विवरणमा सम्भव भएसम्मका एक्स्ट्रा/गैर बजेटरी निकायका विवरणहरु समावेश गर्ने प्रयास गरिएको छ ।यस्ता गैर/एक्स्ट्रा बजेटरी निकायहरू स्थापना/सञ्चालनका आ-आफ्नै कानूनी आधार एवं लेखा ढाँचा अभ्यासमा रहेका तथा आर्थिक कारोबार र प्रतिवेदनका लागि अन्तरआबद्धता भएको एकीकृत प्रणाली विकास समेत नभइसकेको अवस्थामा अझै पनि यस्ता सबै निकायहरूको पूर्ण विवरण प्राप्त गरी एकीकृत वित्तीय प्रतिवेदनमा समावेश गर्न सकिएको छैन ।यस वर्ष पनि सम्बन्धित केन्द्रीय निकायहरूबाट प्राप्त गैर बजेटरी निकायहरूको तथ्याङ्कमा सीमित भई विवरण एकीकृत गरिएको छ भने यस्ता सबै निकायको विवरण एकीकृत वित्तीय प्रतिवेदनमा समावेश गर्ने प्रयास निरन्तर गरिनेछ।स्थानीय तहको एकीकृत वित्तीय विवरणमा गैरबजेटरी निकायको विवरण समावेश गर्न सकिएको छैन।

## ७. लेखाङ्कन तथा एकीकरणका आधार

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५६ को उपनियम (१) बमोजिम ३ तहका सरकारले अपनाएको नगदमा आधारित दोहोरो लेखा प्रणाली अनुसार लेखा राखिएको र सोही लेखाको आधारमा प्रस्तुत आर्थिक विवरण तयार गरिएको छ। जसमा नगद प्राप्ति र भुक्तानीको बखतमा मात्र कारोबारको पहिचान गरिएको छ। लेखा टिप्पणीमा सम्पत्ति तथा दायित्व

ऐतिहासिक मूल्यमा देखाइएको छ। यस प्रतिवेदनमा समाविष्ट नगद प्राप्ति तथा भुक्तानीको विवरण, बजेट र वास्तविक रकमको तुलना र लेखा टिप्पणी नगदमा आधारित नेपाल सार्वजनिक क्षेत्र लेखामान, २०७९ का आधारमा तयार गरिएका छन्। लेखामानले व्यवस्था गरे बमोजिम सङ्घ र प्रदेश सरकारबाट भएका अन्तर निकाय कारोबारहरू हटाई (Elimination) विवरण तयार गरिएको छ।अन्तर स्थानीय तहका कारोवारहरू एवं स्थानीय तहका आन्तरिक कारोवारहरूमा केही दोहोरोपना भएपनि ती कारोवारहरू पहिचान गर्न नसकिएकोले लेखामानको व्यवस्था बमोजिम त्यस्ता अन्तर स्थानीय तहका कारोबारहरू र दोहोरो कारोवारहरू हटाई (Elimination) विवरण तयार गर्नु पर्नेमा सो अनुसार गर्न सकिएको छैन।

## ८. प्रतिवेदन तथा बजेट अवधि

यस एकीकृत वित्तीय विवरणमा २०८० श्रावण १ गतेदेखि २०८१ असार मसान्तसम्मको कारोबारलाई समावेश गरिएको छ।

## ९. सारभूतता

प्रस्तुत एकीकृत वित्तीय विवरणमा सारभूत तथ्याङ्कहरू समावेश गरिएको छ। उपलब्ध भएसम्मका विवरणका आधारमा सङ्घ, प्रदेश र स्थानीय तहहरूको वित्तीय विवरण तयार गरिएको छ।तथ्याङ्कको शुद्धताको सम्बन्धमा मूलतः सम्बन्धित तह नै जिम्मेवार रहेका छन। Su-TRA प्रणालीमा वित्तीय हस्तान्तरणको लेखाङ्कन Gross basis मा र TSA प्रणालीमा Net basis मा हुने हुँदा Su-TRA र TSA को वित्तीय हस्तान्तरणको विवरणमा केही फरक पर्न गएको छ। स्थानीय तहमा गरिएको वित्तीय हस्तान्तरणको निकासा र फिर्ताको विवरण सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयले Su-TRA प्रणालीमा प्रविष्ट गरेको आधारमा प्रतिवेदन गरिएको छ।

आर्थिक वर्ष २०७९।८० मा पेश भएको वित्तीय प्रतिवेदन नेपाल सार्वजनिक क्षेत्र लेखामान, २०७९ बमोजिम तयार भएको हुँदा यस वित्तीय विवरणमा आर्थिक वर्ष २०७९।८० र आर्थिक वर्ष २०८०।८१ का वित्तीय विवरणहरू तुलनात्मक रुपमा प्रस्तुत भएका छन् तर आर्थिक वर्ष २०८०/८१ मा नयाँ समावेश गरिएका विवरणहरूको भने अघिल्लो आर्थिक वर्षको तथ्यांकको अभावमा तुलना गरिएको छैन ।

## १०. प्रतिवेदनको मुद्रा

प्रस्तुत वित्तीय विवरणका आँकडाहरू नेपाली रुपैयाँमा रहेका छन। विदेशी मुद्रामा भएका कारोबारलाई कारोबार भएको दिनमा कायम रहेको नेपाल राष्ट्र बैङ्कले तोकेको विनिमय दर अनुसार नेपाली रुपैयाँमा परिवर्तन गरिएको छ।वर्षान्तमा रहेको विदेशी मुद्राको नगद तथा बैङ्क मौज्दातलाई नेपाल

राष्ट्र बैङ्कले असार मसान्तका दिन तोकेको खरिद दर अनुसार नेपाली रुपैयाँमा परिवर्तन गरिएको छ। फरक परेको विनिमय नाफा वा विनिमय नोक्सानीलाई सम्बन्धित मूल शीर्षकमै समायोजन गरिएको छ। वैदेशिक ऋणको हकमा बिक्री दर अनुसार नेपाली रुपैयाँमा परिवर्तन गरिएको छ।

## ११. नेपाल सार्वजनिक क्षेत्र लेखामानको अनुपालना

अन्तर्राष्ट्रिय सार्वजनिक क्षेत्र लेखामान (IPSAS 2017) लाई आन्तरिकीकरण गरिएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (NPSAS), २०७९ नेपाल सरकारले मिति २०७९।०८।२० मा लागू गर्ने निर्णय गरेअनुरुप कार्यान्वयनमा आएको यस मानकको आधारमा यो वित्तीय प्रतिवेदन तयार गरिएको छ।यस प्रतिवेदनमा नेपाल सार्वजनिक क्षेत्र लेखामानको भाग-१ अर्थात् अनिवार्य खण्डलाई पूर्णतया: कार्यान्वयन गरिएको छ भने भाग-२ अर्थात ऐच्छिक विषयहरूमध्ये सम्पत्ति, दायित्व, प्रतिबद्धता, जमानत आदि विवरणहरू समावेश गरिएको छ। ऐच्छिक विषयहरूलाई सकेसम्म बढी समावेश/ खुलासा गर्ने प्रयास गरिएको छ ।

## १२. प्रमुख लेखा नीतिहरू

### १२.१ राजस्वको पहिचान तथा लेखा

नगद तथा बैङ्क मार्फत नगद प्राप्ति गरेपछि मात्र राजस्व आम्दानी बाँधिएको छ। राजस्वलाई कुल रकम (Gross Basis) मा राखिएको छ। राजस्व सङ्कलनको लागि महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा नेपाल राष्ट्र बैङ्क वा सरकारी कारोबार गर्न अनुमति प्राप्त अन्य बैङ्कमा Non-operative Account खोलिएको छ र राजस्व रकम यही खातामा जम्मा गरिन्छ। राजस्व रकमको लेखाङ्कन गर्दा एकीकृत आर्थिक सङ्केत तथा वर्गीकरण र व्याख्या बमोजिमको शीर्षकमा आम्दानी जनाई लेखाङ्कन गरिएको छ। प्रचलित कानुन बमोजिम करदाताबाट सङ्कलन गरिएको कर रकमलाई कर राजस्वको रूपमा आयमा लेखाङ्कन गरिएको छ भने प्रचलित कानुन बमोजिम प्राप्त गर्ने सेवा शुल्क, बिक्री, रोयल्टी, व्याज, लाभांश जस्ता आयहरूलाई अन्य राजस्वको रूपमा लेखाङ्कन गरिएको छ। विनियोजन खर्चको लेखापरीक्षणबाट असुल गर्नु पर्ने ठहर भई पछिल्ला वर्षमा असुली भएका वा निकासा वा अनुदान दिएको रकमबाट प्रापकले कार्यसम्पादन गर्न नसकी पछिल्ला वर्षहरूमा राफसाफ फिर्ता गरेका प्राप्तिहरू यथार्थमा राजस्व नभएकाले 'विविध प्राप्ति' अन्तर्गत लेखाङ्कन गरिएको छ।कर खर्च/ छुटहरूको लेखाङ्कन नभएकोले प्रतिवेदन गरिएको छैन। वैदेशिक सहायता अन्तर्गत प्राप्त अनुदान रकमलाई अनुदान प्राप्तिमा आम्दानी जनाई राजस्व लेखाङ्कन तथा प्रतिवेदन गरिएको छ।अर्को निकाय वा सरकारको तहमा हस्तान्तरण हुने "Pass Through" रकमलाई प्राप्त हुँदा प्राप्तिमा र हस्तान्तरण हुँदा भुक्तानीका रूपमा देखाइएको छ। दोहोरो कारोबारलाई हटाएर (Elimination) प्रतिवेदन गरिएको छ।

### १२.१.१ राजस्व सङ्कलन

सङ्कलित राजस्वमा सम्बन्धित सरकारको अधिकार क्षेत्र रहेको राजस्व रकम र बाँडफाँट हुने राजस्व रकम गरी दुई प्रकारको राजस्व रकम रहेको छ। लेखा टिप्पणी र अनुसूचीमा सम्बन्धित सरकारले सङ्कलन गरेको राजस्वको विवरणमा बाँडफाँट हुने राजस्व रकमलाई दायित्व अन्तर्गत बाँडफाँट हुने राजस्व शीर्षकमा देखाइएको छ।

### १२.१.२ विभाज्य कोष

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम सङ्घीय सरकारले सङ्कलन गरेको राजस्व रकम सङ्घीय विभाज्य कोषमा जम्मा गरिन्छ। सङ्घीय विभाज्य कोषमा जम्मा भएको रकम बाँडफाँट गरी सोही ऐनको दफा ६ बमोजिम प्रदेशमा हस्तान्तरण हुने रकम सङ्घले सञ्चालन गरेको प्रदेश विभाज्य कोषमा र स्थानीय तहमा हस्तान्तरण हुने रकम सङ्घले सञ्चालन गरेको स्थानीय विभाज्य कोषमा जम्मा गरिन्छ। सोही ऐनको दफा ६ को उपदफा (५) मा रहेको व्यवस्था बमोजिम प्रदेश विभाज्य कोषमा जम्मा रहेको रकम प्रदेशहरूलाई तथा स्थानीय विभाज्य कोषमा रहेको रकम स्थानीय तहहरूलाई मासिक रूपमा सम्बन्धित प्रदेश र स्थानीय तहमा जम्मा गर्नुपर्ने व्यवस्था बमोजिम प्रदेश र स्थानीय तहको राजस्व खातामा जम्मा गरिएको छ। यसै गरी ऐनको दफा ७ बमोजिमको प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीबाट प्राप्त रकम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस तथा नेपाल सरकारको निर्णय अनुसार वार्षिक रुपमा सङ्घीय विभाज्य कोषबाट बाँडफाँट गरी प्रदेश तथा स्थानीय सञ्चित कोषमा जम्मा गर्नु पर्ने हुन्छ।राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट रोयल्टी बाँडफाँटका लागि आवश्यक पर्ने सूचकहरू पूर्ण रुपमा प्राप्त हुन नसक्दा आर्थिक वर्ष २०८०।८१ को रोयल्टी बाँडफाँट हुन नसकेकोले उक्त रकमलाई सङ्घीय विभाज्य कोषमा नगद मौज्दातको रुपमा देखाईएको छ। सङ्घीय विभाज्य कोषको वार्षिक विवरण तयार गर्दा यस कोष अन्तर्गत रहेका सङ्घीय विभाज्य कोष, प्रदेश विभाज्य कोष र स्थानीय विभाज्य कोषमा आर्थिक वर्षको अन्त्यसम्ममा जम्मा भएको रकम, प्रदेश विभाज्य कोष र स्थानीय विभाज्य कोषमा पठाइएको रकम तथा सम्बन्धित सञ्चित कोषमा पठाइएको रकम खुल्ने गरी तयार गरिएको छ।

प्रदेश सरकारले संकलन गरी प्रदेश र स्थानीय तहमा बाँडफाँट गर्नुपर्ने राजस्व रकम प्रदेश विभाज्य कोषमा जम्मा गरी आवधिक रुपमा बाँडफाँट भएपछि सम्बन्धित सरकारको सञ्चित कोषमा पठाइएको रकम खुल्ने गरी विवरण तयार गरिएको छ।

स्थानीय तहले विभिन्न ठेक्का व्यवस्थापन गर्दा उठाउने मूल्य अभिवृद्धि करको रकम “मार्फत हुने नगद प्रवाह (Pass through cash flows)” रुपमा रही स्थानीय विभाज्य कोषमा जम्मा भएको छ। स्थानीय विभाज्य कोषमा जम्मा भएको रकम ऐनको प्रावधान बमोजिम बाँडफाँट गरी प्रदेशमा

हस्तान्तरण हुने रकम प्रदेश संचित कोषमा र स्थानीय तहमा हस्तान्तरण हुने रकम स्थानीय संचित कोषमा जम्मा गरिन्छ। स्थानीय विभाज्य कोषको वार्षिक विवरण तयार गर्दा यस कोषमा रहेको शुरु मौज्दात, यस वर्ष जम्मा हुन आएको रकम तथा बाँडफाँट भई प्रदेश र स्थानीय संचित कोषमा जम्मा गरिएको रकम र बाँडफाँट हुन बाँकी अन्तिम मौज्दात खुल्ने गरी तयार गरिएको छ।

### १२.१.३ सम्बन्धित सरकारले उपयोग गर्ने राजस्व

सम्बन्धित सरकारले उपयोग गर्ने राजस्व रकम अन्तर्गत सरकारको आफ्नै राजस्व रकम (बाँडफाँट हुने राजस्व बाहेक) तथा बाँडफाँट हुने राजस्वबाट प्राप्त भएको हिस्सा रहेको छ। यस अन्तर्गत सङ्घ सरकारले सङ्कलन गरेको र प्रदेश सरकारहरूले सङ्कलन गरेको रकमलाई सङ्घ सरकारले बाँडफाँट गरी सङ्घ, प्रदेश तथा स्थानीय सरकारको राजस्वमा प्राप्त भएको रकम देखाईएको छ। यसैगरी प्रदेश सरकार र स्थानीय सरकारले संकलन गरेको रकम तत् तत् सरकारबाट बाँडफाँट गरी प्रदेश तथा स्थानीय सरकारको राजस्वमा प्राप्त भएको रकम देखाईएको छ।

### १२.१.४ राजस्व नगद मौज्दात

गत विगत आर्थिक वर्षमा सङ्कलन भएको राजस्व रकम सोही आर्थिक वर्ष भित्र राजस्व खातामा जम्मा हुन नसकी बाँकी रकमलाई यस आर्थिक वर्षमा दाखिला गरिएको छ।बाँकी रकम दाखिला गर्दा जुन राजस्व शीर्षकमा नगद बाँकी रहेको हो सोही शीर्षकमा रकम दाखिला गरी प्रतिवेदन गरिएको छ। चालु आर्थिक वर्षमा सङ्कलन भएको तर राजस्व खातामा जम्मा हुन बाँकी रकमलाई राजस्व शीर्षकमा आम्दानी जनाई सकिएको छ र सो रकमलाई स्रेस्तामा नगद बाँकीको रूपमा देखाइएको छ। स्थानीय तहमा मौज्दात रहने नगद राजस्वको विवरण Su-TRA प्रणालीमा उपलब्ध भए अनुसार समावेश गरिएको छ।

## १.२ खर्चको पहिचान, लेखाङ्कन र प्रतिवेदन

क. भुक्तानी आदेश वा बैङ्क चेक जारी गरिएको रकम निजले भुक्तानी लिन नसकेको वा पेस्की वा सानो नगदी कोषबाट अर्को आर्थिक वर्षमा फिर्ता भएको रकम फिर्ता प्राप्त भएको आर्थिक वर्षको विविध प्राप्तिमा देखाइएको छ। असार मसान्त सम्म जारी भएका तर म्यादभित्र नसाटिएका चेकका रकमलाई खर्चबाट घटाएर समायोजन गरिएको छ।

ख. प्रचलित कानुन बमोजिम कुनै भुक्तानी गर्दा धरौटी कट्टी गर्नुपर्ने व्यवस्था भएकोमा सो पूरै रकमलाई भुक्तानीमा लेखाङ्कन गरी धरौटी रकमलाई धरौटी स्रेस्तामा प्राप्ति तर्फ लेखाङ्कन गरिएको छ। प्रचलित कानुन अनुसार धरौटीबाट राजस्वमा हुने सदर स्याहा, जफत वा असुलीलाई धरौटी स्रेस्तामा खर्च जनाई सरकारी आयमा प्राप्ति देखाईएको छ।

ग. सरकारी तिर्न बुझाउन पर्ने रकम बक्यौता रहेको व्यक्तिले सरकारी निकायबाटै पाउने भुक्तानीको कानुनी रूपमा असुली भएमा त्यस्तो भुक्तानीलाई प्राप्ति र भुक्तानी दुवैतर्फ देखाईएको छ।

घ. पेस्की तथा अन्य रूपमा निकासा भई फिर्ता/फछ्र्यौट गर्न बाँकी रकम समेतलाई खर्चको रूपमा प्रस्तुत गरिएको छ। पेस्की वा सानो नगदी कोषको रूपमा भुक्तानी भएको र वर्षान्तमा फछ्र्यौट हुन नसकेको रकम जुन प्रयोजनका लागि त्यस्तो पेस्की वा कोष उपलब्ध गराइएको हो सोही शीर्षकमा खर्च लेखाङ्कन र प्रतिवेदन गरिएको छ।

ङ. एकल खाता कोष प्रणाली वा Su-TRA बाट खर्च गर्ने गरी भुक्तानी आदेश पठाउनासाथ खर्च लेखाङ्कन गरिएको छ। खर्च लेखाङ्कन भइसकेपछि Electronic Fund Transfer (EFT) सफल नभएमा वा जारी गरिएको चेक नसाटिएमा सो करोबारलाई खर्च घटाईको छ। द्विपक्षीय तथा बहुपक्षीय ऋण र अन्य भुक्तानीको हकमा नेपाल राष्ट्र बैङ्कबाट भुक्तानी गरेको आदेश सम्बन्धित कार्यालयमा प्राप्त हुनासाथ खर्च लेखाङ्कन गरिएको छ। सानो नगदी कोषमा खर्चको बिल भर्पाई प्राप्त भई शोधभर्ना दिएका बखत खर्च लेखिएको छ।

## १३. वैदेशिक मुद्रा

आर्थिक वर्षका बिचमा भएका वैदेशिक मुद्रा कारोबारलाई कारोबार भएकै दिनको विदेशी विनिमय दर प्रयोग गरी नेपाली रुपैयाँमा परिवर्तन गरिएको छ।आर्थिक वर्षको अन्तमा रहेको विदेशी मुद्राको मौज्दातलाई आर्थिक वर्षको अन्तिम दिनको खरिद दरका आधारमा प्रतिवेदन गरिएको छ।ऋणका हकमा बिक्री दरका आधारमा बाँकी ऋण देखाइएको छ।

## १४. नगद वा नगदजन्यको पहिचान

क. नेपाल राष्ट्र बैङ्क, सरकारी कारोबार गर्ने अन्य बैङ्क तथा कार्यालयमा रहेको नगद मौज्दात र तत्काल नगदमा रूपान्तरण गर्न सकिने नगदजन्य वस्तुलाई समेटिएको छ। नगद भन्नाले साथमा रहेको नगद र माग गर्नसाथ प्राप्त हुने निक्षेप रकम पर्दछ। नगदजन्य भन्नाले मूल्य परिवर्तनको जोखिम नगण्य भएको र तोकिएको मूल्यमा तत्काल नगदमा रूपान्तरण गर्न मिल्ने अल्प अवधिको उच्च तरल लगानीलाई जनाउनेछ। यस अवधारणामा आधारित भई नगदलाई पहिचान गरिएको छ।

ख. राजस्व, सुरक्षण, असुली लगायतका नगद वा नगदजन्य रकमलाई प्राप्त भएपछि प्राप्तिमा समावेश गरिएको छ। नगद र नगदजन्य रकममा नगद, बैङ्कमा रहेको निक्षेप, विनियोजन ऐन बमोजिम प्राप्त अख्तियारी मध्ये भुक्तानी आदेश दिइएको रकम, तत्कालै नगदमा रूपान्तरण हुने सरकारी बाहेकका बण्ड जस्ता अल्पकालीन लगानी, तीन महिना भन्दा कम अवधिका मुद्दती निक्षेप समावेश गरिएको छ।

ग. सरकारी कारोबार गर्न स्वीकृति प्राप्त बैङ्क वा नेपाल सरकारसँगको सम्झौता अनुसार रकम भुक्तानी गर्ने कुनै व्यक्तिलाई भुक्तानी गर्ने अधिकार प्राप्त अधिकारीबाट भुक्तानी आदेश वा बैङ्क चेक वा आदेश पत्र जारी भए पछि निजलाई नगदमा भुक्तानी भए सरह भुक्तानीमा लेखाङ्कन र प्रतिवेदन गरिएको छ। विनियोजन ऐन बमोजिम खर्च भई सकेको तर असार मसान्तमा साट्न बाँकी चेक वा सो सरहका

बैंकिङ्ग उपकरणको खुद रकम चेक साट्ने अवधि १५ दिन भएकोले अघिल्लै आर्थिक वर्षको विनियोजित बजेट रकमबाट खर्च हुने गरी फ्रिज खाताबाट चालु आर्थिक वर्षको मितिमा साटिएको छ।

घ. नेपाल सरकार र कुनै विकास साझेदारसँग भएको सम्झौता अनुसार नेपाली रुपैयाँ वा विदेशी मुद्रामा कुनै विशेष खातामा कुनै रकम प्राप्त भएमा त्यस्तो रकमलाई प्राप्ति विवरणमा समावेश गरिएको छ। नेपाल सरकारसँगको सम्झौता बमोजिम सम्झौताको पक्षले सम्बन्धित सरकारी निकायलाई उपलब्ध गराएको वस्तुगत सहायता वा प्राविधिक सहायताको रकमलाई सो निकायको आदेशमा भएको भुक्तानीसरह खर्च लेखाङ्कन गरिएको छ।

## १५. पेस्की बाँकी

पेस्की दिँदाका बखत नै यसलाई खर्च जनाइएको छ।चालू र पुँजीगत खर्च अन्तर्गत कर्मचारी, व्यक्ति, निर्माण व्यवसायी, आपूर्तिकर्ता, स्वायत्त निकाय, वित्तीय तथा गैर वित्तीय लगायतका संस्थालाई प्रदान गरिएको पेस्की मध्ये आर्थिक वर्षको अन्त्यसम्ममा फर्छ्यौट वा फिर्ता प्राप्त हुन बाँकी रहेको रकमलाई पेस्की बाँकी रकममा समावेश गरिएको छ।

## १६. सञ्चित कोष

प्राप्ति तथा भुक्तानीको लेखाङ्कन तथा प्रतिवेदन एकीकृत आर्थिक सङ्केत तथा वर्गीकरण र व्याख्या,२०७४ बमोजिम चालु, पुँजीगत तथा वित्तीय विवरणमा वर्गीकरण गरी गरिएको छ।प्रतिवेदन अवधिमा प्राप्त भएको सबै खालका प्राप्ति तथा सोही अवधिमा भएका भुक्तानीका आधारमा सो अवधि पछाडि भएका ट्रान्सफर तथा हिसाब समायोजन गरिएको छ।

सञ्चित कोषबाट भुक्तानी निकासा गरिएको चालु, पुँजीगत तथा वित्तीय व्यवस्थातर्फ प्रत्येकको सञ्चित कोष माथि व्ययभार हुने खर्च र विनियोजन ऐन अन्तर्गतको खर्च छुट्टाछुट्टै उल्लेख गरिएको छ।

वैदेशिक नगद अनुदान र नगद ऋणको हकमा सम्झौता बमोजिम खर्च भएको वास्तविक रकमलाई आधार मानेर सञ्चित कोष ट्रान्सफर गरी आम्दानी बाँधिएको छ।

शोधभर्ना हुने अनुदानको हकमा शोधभर्ना प्राप्त रकम महालेखा नियन्त्रक कार्यालयको केन्द्रीय खाता नं. क-७.१७ मा प्राप्त हुन आएको रकमलाई राजस्व, अनुदान तथा विविध प्राप्ति खाता (क-१.१) र शोधभर्ना हुने ऋणको शोधभर्ना प्राप्त रकम क-७.१५ मा प्राप्त भएको रकमलाई वित्तीय व्यवस्था प्राप्ति खाता (क-१.२) मा ट्रान्सफर गरी आम्दानी बाँधिएको छ।

आन्तरिक ऋणको लेखाङ्कन परलमूल्य (Face Value) मा गरिए तापनि सञ्चित कोष दाखिलाका लागि प्राप्त खुद रकम (Net Amount) लाई आम्दानीमा देखाइएको छ। यस्तो आम्दानीमा ट्रेजरी

बिलको रोलओभरबाट प्राप्त लाभ जोडिएको छ भने बाह्य ऋणको कारोबार सम्बन्धमा भने वैदेशिक मुद्राको विनिमय दरको परिवर्तनबाट भएको नाफा/नोक्सान (Foreign Exchange gain/loss) लाई समायोजन गरिएको छ।

## १७. धरौटी, अन्य कोष वा खातामा रहेको नगद मौज्दात

धरौटी खातामा रहेको रकम, अग्रिम रूपमा प्राप्त भएको वैदेशिक सहायता, प्रदेश सरकार तथा स्थानीय तहको आम्दानी आदि सङ्घीय सञ्चित कोषमा समेटिएको छैन। सङ्घीय सञ्चित कोषमा वास्तविक रूपमा नेपाल सरकारको आम्दानी र खर्चलाई मात्र समावेश गरिएकोले नेपाल राष्ट्र बैङ्कले तयार गर्ने नेपाल सरकारको नगद अवस्थासँग यो आर्थिक विवरणको रकम फरक रहेको छ।यस वित्तीय विवरणमा कोष तथा लेखा नियन्त्रक कार्यालयहरूका नाममा रहेको विविध कोष खाताहरू (क-२.६), प्रदेश लेखा एकाइ कार्यालयहरूका नाममा रहेको विविध कोष खाताहरू ( ख-२.६), स्थानीय सरकारका कार्यपालिकाको कार्यालययहरूको नाममा रहेका विविध कोष खाताहरू ( ग-२.७) , संघीय भुक्तानी कार्यालयहरूको नाममा रहेका कार्य सञ्चालन कोष-खाताहरू ( क-२.७), आन्तरिक राजस्व विभाग वा कार्यालयहरूको नाममा रहेका मूल्य अभिवृद्धि कर कोष खाताहरू ( क-२.८), भन्सार कार्यालयहरूका नाममा रहेका भन्सार कोष खाताहरू ( क-२.९), संघीय आयोजना कार्यालयहरूको नाममा रहेका विशेष अनुदान खाताहरू ( क-२.४) र विशेष ऋण खाता ( क-२.५) एवम् सङ्घ, प्रदेश र स्थानीय सरकारका विभिन्न कोष खाताहरूमा रहेको अन्तिम मौज्दात रकमको विवरण समावेश गरिएको छ। विगतमा रहेका चालु अनुदान खाता (ख.७), पुँजीगत अनुदान खाता (ख.८) खारेजीमा परेका भए पनि हिसाब राफसाफ नहुन्जेल सम्मका लागि यसै विवरणमा प्रतिवेदन गरिएको छ। महालेखा नियन्त्रक कार्यालयमा रहेको केन्द्रीय ऋण तथा अनुदान खाता (क.७) समूहको आर्थिक विवरण समेत यसैमा संलग्न गरिएको छ।

नेपाल सार्वजनिक क्षेत्र लेखामान (NPSAS), २०७९ को प्रावधान बमोजिम दुई आर्थिक वर्षको नगद तथा बैंक मौज्दातको तुलना गर्नु आवश्यक भएको तर स्थानीय तहले आर्थिक वर्ष २०७९।८० को अन्तिम मौज्दातलाई आर्थिक वर्ष २०८०।८१ को शुरु मौज्दातको रुपमा जिम्मेवारी सार्दा घटी वा वढी जिम्मेवारी सारेको देखिएकोले यस वित्तीय विवरण तयारीको क्रममा यस्तो घटी वा वढी जिम्मेवारीलाई कूल आम्दानीमा कुनै फरक नपर्ने गरी शुरु मौज्दात र आम्दानीमा थप वा घट मार्फत आर्थिक वर्ष २०७९।८० को अन्तिम मौज्दातलाई आर्थिक वर्ष २०८०।८१ को शुरु मौज्दात कायम गरी प्रतिवेदन गरिएको छ।

## १८. खर्चको प्रतिबद्धता

निर्णय वा सम्झौता बमोजिम भविष्यमा भुक्तानी दिनुपर्ने गरी प्रतिबद्धता जनाई सकिएको रकम प्रतिवद्धताको रूपमा अभिलेख राख्न गत आर्थिक वर्ष २०८०।८१ बाट सुरु गरिएको थियो ।यस आर्थिक वर्षको वित्तीय विवरणमा उक्त विवरण समावेश गरिएको छ।

## १९. सोझै भुक्तानी

सरकारहरूको सञ्चित कोषको आर्थिक विवरणका अतिरिक्त बजेटमा उल्लेख भई सरकारलाई प्राप्त भएको वस्तुगत सहायता, सोझै भुक्तानी हुने अनुदान तथा सोझै भुक्तानी हुने ऋण स्रोतबाट खर्च भएको रकम समावेश गरी छुट्टै विवरण प्रस्तुत गरिएको छ। यस अवस्थामा खर्च जतिकै रकमलाई प्राप्तिको स्रोत तर्फ सोझै भुक्तानी हुने स्रोत देखाइएको छ। वस्तुगत सहायता तथा सोझै भुक्तानी तर्फका खर्च रकम सम्बन्धित कार्यालय वा आयोजनाबाट खर्च प्रविष्टको लागि प्राप्त भई एकल खाता कोष वा Su-TRA मा प्रविष्ट भएको खर्चमात्र समावेश गरिएको छ।खर्च प्रविष्टको लागि प्राप्त नभएका सोझै भुक्तानी तथा बस्तुगत सहायता रकम यस प्रतिवेदनमा समावेश भएका छैनन्।

केही स्थानीय तहमा विभिन्न दातृ निकायबाट सोझै भुक्तानी अन्तर्गत प्राप्त रकमलाई ग-२.७ बिबिध खातामा जम्मा गरी Su-TRA प्रणालीमा लेखाङ्कन गर्नुपर्नेमा सो रकम ग-१.३ अनुदान खातामा जम्मा गरी संचित कोषमा ट्रान्सफर गरेर विनियोजन मार्फत खर्च गरिएकोले सोझै भुक्तानी स्रोतमा खर्च लेखाङ्कन तथा प्रतिवेदन भएको छ।

## २०. लगानी

सरकारको सबै किसिमका लगानीको लेखाङ्कन लागत मूल्यमा गरिएको छ। सुरु मै लेखाङ्कन गरिएका लगानीलाई ऐतिहासिक मूल्य मै देखाइएको छ। लगानीबाट प्राप्त हुने लाभांश तथा व्याजलाई प्राप्त भएको दिन आम्दानी बाँधी सञ्चित कोषमा दाखिला गरिएको छ।

## २१. दायित्व

अहिले भएको कामले वा पहिल्यै गरेको कामले गर्दा भविष्यमा तिर्नुपर्ने कुनै रकमलाई दायित्वको रूपमा देखाइएको छ।सबै दायित्वहरू ऐतिहासिक मूल्यमा लेखाङ्कन गरिएका छन्।आर्थिक वर्षको अन्तमा कारोबारबाट तथा ऋणबाट सिर्जना भएका दायित्वलाई पहिचान गरी अभिलेख र प्रतिवेदन गरिएको छ।

## २२. सरकारी ऋण

सरकारी ऋण मध्ये आन्तरिक ऋण सार्वजनिक ऋण व्यवस्थापन कार्यालय मार्फत नेपाल राष्ट्र बैंक मार्फत अन्य संस्था तथा व्यक्तिहरूबाट उठाइन्छ र वैदेशिक कर्जा बाह्य सरकार वा संस्थाको मौद्रिक प्राप्ति वा अन्य सेवा प्राप्त गरे बापत गरिनुपर्ने भुक्तानी दायित्वको रुपमा प्राप्त हुने गर्दछ।सरकारले कर्जा प्राप्त गर्दा आम्दानी र कर्जाको सावाँ तथा ब्याज लगायतका भुक्तानीहरू खर्चमा लेखाङ्कन गरिएको छ।यसरी लेखाङ्कन गर्दा व्याज बापतको भुक्तानीलाई चालु खर्चमा र सावाँ बापतको रकम भुक्तानीलाई वित्तीय व्यवस्थातर्फ समावेश गरिएको छ।

## २३. गैर वित्तीय सम्पत्ति

गैर वित्तीय सम्पत्तिलाई ऐतिहासिक मूल्यमा प्रस्तुत गरिएको छ। ह्रास कट्टी गरिएको छैन।सम्पत्ति खरिद गर्दाको लागत मूल्यलाई खर्चमा लेखाङ्कन गरिएको छ र यस्ता सम्पत्तिको विवरण अलग्गै तयार गरी थप खुलासाको रूपमा प्रस्तुत गरिएको छ।सम्पत्तिको वर्गीकरण एकीकृत आर्थिक सङ्केत तथा वर्गीकरण तथा व्याख्या,२०७४ को आधारमा गरिएको छ।

## २४. तेस्रो पक्षको भुक्तानी

निकायले फाइदा पाउने गरी वा निकायको दायित्व फरफारक हुने गरी निकायको तर्फबाट तेस्रो पक्षले गरेको भुक्तानीलाई तेस्रो पक्षबाट भएको भुक्तानीका रूपमा लिइएको छ। सो बापत निकायले बस्तु वा सेवा प्राप्त गर्दछ। तेस्रो पक्षको भुक्तानीलाई वित्तीय विवरणको मुख पृष्ठमा छुट्टै महलमा राखिएको छ।

## २५. अन्तर सरकारी (निकाय) कारोबार

कुनै एक नियन्त्रित निकाय अन्तर्गतका कार्यालय वा संस्थाहरू बिच भएका आपसी कारोबारहरूलाई एकीकृत वित्तीय विवरणमा समावेश गर्दा दोहोरिने भएकाले यस्ता कारोबारलाई सम्बन्धित प्राप्ति वा भुक्तानीबाट मिलान गरी वित्तीय विवरण प्रस्तुत गरिएको छ।

## २६. अन्तर सरकारी वित्त हस्तान्तरण

सङ्घीय सरकारबाट प्रदेश सरकार तथा स्थानीय तहहरूलाई र प्रदेश सरकारबाट स्थानीय तहहरूलाई प्रवाह गरिएको वित्तीय हस्तान्तरण (समानीकरण, सशर्त, समपूरक र विशेष अनुदान) रकम अनुदान हस्तान्तरण गर्ने सरकारको चालु खर्चमा समावेश गरिएको छ।उक्त अनुदानहरू निकासा हुँदाको बखत खर्चका रूपमा लेखाङ्कन गरिएको छ भने प्राप्त गर्ने सरकारको अनुदान प्राप्तिमा लेखाङ्कन गरिएको छ। खर्च नभएका र फिर्ता गर्नुपर्ने हस्तान्तरित अनुदान सोही आर्थिक वर्षभित्र र प्रतिवेदन

आ.व. समाप्ति पश्चातको १५ दिन भित्र फिर्ता भएकोमा प्राप्तिबाट घटाईएको छ। फिर्ता प्राप्त रकम अनुदान दिने सरकारको सम्बन्धित खर्च शीर्षक र क्रियाकलापमा निकासा घटाई खर्चसमेत घटाईएको छ।प्रतिवेदन आ.व. समाप्त भएको १५ दिन पश्चात मात्र फिर्ता भएको अवस्थामा त्यस्तो रकम अनुदान दिने सरकारको अर्को आर्थिक वर्षको अनुदान फिर्ता शीर्षकमा प्राप्ति लेखाङ्कन गरिएको हुँदा निकासा र खर्च घटाईएको छैन। यसकारण आर्थिक वर्षभित्र खर्च नभएका र फिर्ता गर्नुपर्ने हस्तान्तरित अनुदान सोही आर्थिक वर्ष समाप्त भएको १५ दिनसम्म पनि फिर्ता नभएको अवस्थामा अनुदान दिने सरकारको हस्तान्तरित अनुदान र अनुदान प्राप्त गर्ने सरकारको प्राप्तिको रकम भिडान गर्न सकिएको छैन।

## २७. बजेट समावेश नभएको प्रासि र भुक्तानी

बजेटमा समावेश नभएको (अफ बजेट) एवम् सरकारी कोषमा रकम प्राप्त नहुने (अफ ट्रेजरी) प्राप्ति तथा भुक्तानी भएको रकमलाई अफ बजेट अफ ट्रेजरी प्राप्ति र भुक्तानीको रूपमा प्रतिवेदनमा खुलासा गरिएको छ।दातृ निकाय वा संस्थाले पेस गरेको प्रतिवेदनका आधारमा कारोबार रकम यकिन गरी वैदेशिक मुद्रामा प्राप्ति र भुक्तानी भएको रकमलाई प्रतिवेदन प्राप्त भएको दिनको विनिमय दरलाई आधार मानेर कारोबार रकम कायम गरिने नीति भए पनि विवरण प्राप्त हुन नसक्दा प्रतिवेदनमा समावेश गर्न सकिएन ।

## २८. भुक्तानी दिन बाँकी दायित्व

नगदमा आधारित लेखा प्रणालीका आधारमा लेखाङ्कन गरिएको हुँदा प्रतिवेदन अवधिभित्र दायित्व सिर्जना भएको तर विनियोजित बजेटले नखामेको स्वीकृत दरबन्दीको तलब, महँगी भत्ता र स्थानीय भत्ता, सरुवा भ्रमण खर्च, घर भाडा, पोसाक, खाद्यान्न, औषधी उपचार, बिरामी र बन्दीको सिदा, सेवानिवृत्त सुविधाका साथै स्वीकृत वार्षिक कार्यक्रममा समावेश भएको कुनै व्यक्ति फर्म संस्था वा कम्पनीसँग भएको सम्झौता बमोजिमको रकमलाई भुक्तानी हुन बाँकी दायित्वको विवरणमा समावेश गरिएको छ।

## २९. उठ्न बाँकी रकम

लगत कायम भई उठ्न नसकेको राजस्व रकम, लिज वा बिक्री सम्झौता बमोजिमको रकम प्राप्त गर्ने समयावधिमा प्राप्त हुन नसकेको रकमलाई उठ्न बाँकी रकमको रूपमा राख्नु पर्ने हुन्छ। आन्तिरक राजस्व विभागको वार्षिक प्रगति विवरणमा आधारित भई राजस्व बक्यौताको विवरण समावेश गरिएको छ । एकीकृत अभिलेखाङ्कन नभएकोले यस बाहेकका अन्य निकायहरूको विवरण प्राप्त हुन नसकि समावेश गरिएको छैन।

## ३०. सङ्क्रमणकालीन व्यवस्था

नेपाल सार्वजनिक क्षेत्र लेखामानले तोकेको सङ्क्रमणकालीन प्रावधान लागू हुने हदसम्म सो विवरण लेखा टिप्पणीहरूमा खुलासा गरिएको छ।

## ३१. प्रतिवेदन पश्चात भएका संशोधन तथा त्रुटि सुधार

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २९ को उपदफा (१) बमोजिमको केन्द्रीय लेखाको एकीकृत वित्तीय विवरण पेश भएपश्चात भएका संशोधन तथा त्रुटि सुधारहरूलाई सम्बन्धित लेखा टिप्पणी एवं अनुसूचीहरूमा सुधार गरी टिप्पणी नं.२१ मा छुट्टै विवरण समेत समावेश गरिएको छ ।

# कार्यकारी सारांश

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले सङ्घीय सञ्चित कोष तथा अन्य सरकारी कोषको सञ्चालन तथा व्यवस्थापनका साथै सङ्घ, प्रदेश र स्थानीय तह समेत तिनै तहका सरकारहरूको एकीकृत वित्तीय विवरण तयार गर्ने जिम्मेवारी महालेखा नियन्त्रक कार्यालयलाई तोकेको छ भने ऐनको दफा २५ को उपदफा (४) बमोजिम महालेखापरीक्षकबाट लेखा ढाँचा, आर्थिक संकेत तथा वर्गीकरण स्वीकृत गरिने प्रावधान रहेको छ । विनियोजन, राजस्व, धरौटी तथा अन्य सरकारी कारोबारको लेखा नगदमा आधारित दोहोरो लेखा प्रणालीको सिद्धान्त बमोजिम राख्नुपर्ने व्यवस्था आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५६ को उपनियम (१) ले गरेको छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा ५ को उपदफा (२) बमोजिम सङ्घ, प्रदेश तथा स्थानीय तहका वित्तीय विवरण तयार गर्नका लागि नेपाल सरकारले नेपाल सार्वजनिक क्षेत्र लेखामान, २०७९ स्वीकृत गरेको छ । सोही लेखामान बमोजिम माथि उल्लिखित कानूनी व्यवस्थाहरूका साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५ को उपदफा (१) बमोजिम सङ्घीय सञ्चित कोष, प्रदेश संञ्चित कोष र स्थानीय संञ्चित कोष एवं अन्य सरकारी कोषहरूको कारोबार समेटिएको आर्थिक वर्ष २०८०।८१ को प्रस्तुत एकिकृत वित्तीय विवरण तयार गरिएको छ। आफ्नो निकायको आर्थिक कारोबारको सञ्चालन, लेखांकन, लेखापरीक्षण एवं प्रतिवेदनका विषयमा कानुनले सम्बन्धित लेखा उत्तरदायी अधिकृतहरूलाई नै जिम्मेवारी प्रदान गरे अनुरूप सम्बन्धित केन्द्रीय निकायहरूबाट प्राप्त केन्द्रीय लेखाको विवरण, कोष तथा लेखा नियन्त्रक कार्यालयहरूले पेश गरेको जिल्लागत एकीकृत वित्तीय विवरण, प्रदेश लेखा नियन्त्रक कार्यालयहरूबाट प्राप्त भएको प्रदेशगत एकीकृत वित्तीय विवरण तथा स्थानीय तहको संचितकोष व्यवस्थापन प्रणाली (Su-TRA) बाट प्राप्त स्थानीय सरकारहरूको एकीकृत वित्तीय विवरणहरू नै यस एकीकृत वित्तीय विवरणको मुख्य आधारका रूपमा रहेका छन्।

यस एकिकृत वित्तीय विवरणमा आर्थिक वर्ष २०८०।८१ मा तीनवटै तहका सरकारहरूको समग्र वित्तीय स्थिति र कारोबारहरूलाई समावेश गरिएको छ ।जस अन्तर्गत मूलत : बजेटरी निकायको प्राप्ति र भुक्तानीको वार्षिक प्रतिवेदन, बजेटरी निकायको बजेटको तुलनात्मक विवरण, बजेट प्रणाली बाहिरका एक्स्ट्रा/गैर बजेटरी निकायको कुल प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, संघीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण, संघीय विभाज्य कोषको वार्षिक विवरण, सेवा तथा कार्यगत खर्चको एकीकृत विवरण, लेखा नीति तथा टिप्पणीहरू र सम्बन्धित अनुसूचीहरूलाई समेत समावेश गरिएको छ। यसैगरी सरकारी कारोबार निर्देशिका, २०७६ ले व्यवस्था गरे बमोजिम कोष तथा लेखा नियन्त्रक कार्यालयहरू, प्रदेश लेखा एकाइ कार्यालयहरू एवं स्थानीय तहहरूका नाममा रहेका विभिन्न समूहका सरकारी कारोबारका खाताहरूको अन्तिम मौज्दात रकमको विवरण, नेपाल सरकारले प्राप्त गर्न बाँकी सोधभर्नाको रकमको वार्षिक विवरण, नेपाल सरकारको ऋण, दायित्व तथा शेयर लगानीको वार्षिक विवरण एवं सार्वजनिक सम्पत्तिको एकीकृत वार्षिक विवरणहरू लगायतका विवरण/प्रतिवेदनहरू पनि समावेश गरिएको छ।एकीकृत वित्तीय विवरणमा समावेश भएका मध्ये प्रमुख विवरणहरूको सङ्क्षिप्त अवस्था निम्न बमोजिम रहेको छ;

## ❖ बजेटरी र गैर बजेटरी निकायको नगद तथा बैङ्क मौज्दात

आर्थिक वर्ष २०८०।८१ मा समग्रमा तीन तहका सरकारका बजेटरी निकायहरूको कुल नगद तथा बैङ्क मौज्दात रू.६१अर्ब ८५ करोड (धनात्मक) रहेको र गैरबजेटरी निकायको सोही अवधिको नगद तथा बैङ्क मौज्दात रकम रू.७२ अर्ब २७ करोड ५१ लाख (धनात्मक) रहेकोले तीन तहका सरकारको बजेटरी तथा गैर बजेट निकायको नगद बाँकी तथा बैंङ्क मौज्दात रू.१ खर्ब ३४ अर्ब १२ करोड ५१ लाखले धनात्मक अवस्थामा रहेको छ।

आर्थिक वर्ष २०७९।८० को अन्तसम्ममा समग्रमा तीन तहका सरकारको बजेटरी निकायको नगद तथा बैङ्क मौज्दात रू.१ खर्ब ३० अर्ब १४ करोड ७ लाख (धनात्मक) रहेको र गैरबजेटरी निकायको सोही अवधिको नगद तथा बैङ्क मौज्दात रकम रू.२१ अर्ब ५९ करोड ५ लाख (धनात्मक) रहेकोले तीन तहका सरकारको बजेटरी तथा गैर बजेटरी निकायको नगद बाँकी तथा बैंङ्क मौज्दात रू.१ खर्ब ५१ अर्ब ७३ करोड १२ लाखले धनात्मक रहेको थियो।

## ❖ बजेटरी निकायको प्राप्ति र भुक्तानी

आर्थिक वर्ष २०८०/८१ मा संघीय सरकारको बजेटरी निकायको राजस्व, अनुदान, अन्य प्राप्ति, लगानी तथा वित्तीय प्राप्ती मार्फत जम्मा प्राप्ति रू.१३ खर्ब ३१ अर्ब ८६ करोड ५६ लाख रहेको छ । प्रदेश सरकारको जम्मा प्राप्ति रू.१ खर्ब ७४ अर्ब ११ करोड ७५ लाख रहेको छ । स्थानीय सरकारको जम्मा प्राप्ति रू.४ खर्ब ०५ अर्ब ६५ करोड ३९ लाख रहेको छ ।

संघीय सरकारको बजेटरी निकायको आर्थिक वर्ष २०७९/८० मा राजस्व, अनुदान, अन्य प्राप्ति, लगानी तथा वित्तीय प्राप्ती मार्फत जम्मा प्राप्ति रू.१२ खर्ब ९३ अर्ब ९७ करोड १० लाख रहेको छ ।प्रदेश सरकारहरूको जम्मा प्राप्ति रू.१ खर्ब ८९ अर्ब ९० करोड ८६ लाख रहेको छ भने स्थानीय सरकारहरूको जम्मा प्राप्ति रू.४ खर्ब ३० अर्ब १३ करोड ६३ लाख रहेको छ । तीन तहका सरकारको समग्र प्राप्ति रू.१९ खर्ब ११अर्ब ६३ करोड ७१ लाख रहेको छ ।तीन तहका सरकारको सरकारहरूवीच भएका दोहोरो प्राप्ति घटाउँदा खुद प्राप्ति रू.१५ खर्ब ५१ अर्व ०५ करोड ७० लाख रहेको थियो ।

भुक्तानी तर्फ आर्थिक वर्ष २०७९/८० मा संघीय सरकारको बजेटरी निकायको भुक्तानी रकम रू.१४ खर्ब २१ अर्ब ३२ करोड ६९ लाख रहेको थियो । प्रदेश सरकारको भुक्तानी रकम रू.२ खर्ब ०४ अर्ब ६७ करोड ८६ लाख रहेको छ । स्थानीय सरकारको भुक्तानी रकम रू. ४ खर्ब ५३ अर्ब ८१ करोड ७७ लाख रहेको छ । तीन तहका सरकारको समग्र भुक्तानी रकम रू.२० खर्ब ७९ अर्ब ८२ करोड ३३ लाख रहेको थियो । सरकारहरूवीच भएका दोहोरो खर्च घटाउँदा खुद खर्च रू. १६ खर्ब ७२ अर्ब १२ करोड ८८ लाख रहेको छ ।

आर्थिक वर्ष २०८०।८१ मा संघीय सरकारको बजेटरी निकायको कुल भुक्तानी रकम रू. १३ खर्ब ९३ अर्ब ४० करोड १४ लाख रहेको थियो । प्रदेश सरकारहरूको कुल भुक्तानी रकम रू. १ खर्ब ८४ अर्ब ११ करोड ०२ लाख रहेको छ । स्थानीय सरकारहरूको कुल भुक्तानी रकम रू. ४ खर्ब २३ अर्ब ७९ करोड ०२ लाख रहेको छ । समग्रमा तीन तहका सरकारको भुक्तानी रकम रू. २० खर्ब ०१ अर्ब ३० करोड २१ लाख रहेको छ भने । सरकारहरूवीच भएका दोहोरो खर्च घटाउँदा खुद खर्च रू. १६ खर्ब ४० अर्ब ७२ करोड २० लाख रहेको छ ।

## ❖ गैर-बजेटरी निकायको प्राप्ति र भुक्तानी

मन्त्रालय तथा केन्द्रिय निकायहरूबाट प्राप्त विवरणको आधारमा गैरबजेटरी निकायहरूको आर्थिक वर्ष २०७९/८० मा राजस्व अनुदान, अन्य प्राप्ति, लगानी तथा वित्तीय प्रासी मार्फत जम्मा प्राप्ति रू. ८३ अर्व १३ करोड ३९ लाख र जम्मा भुक्तानी रू. ७७ अर्ब ३० करोड १३ लाख हुँदा कोष रू. ५ अर्ब ८३ करोड २६ लाखले धनात्मक रहेको र धरौटी आकस्मिक कोष लगायत अन्य कोषको मौज्दात रकम रू. ३ अर्ब ७२ करोड र गत आ.व.को नगद तथा बैङ्क मौज्दात रकम रू. १२ अर्ब ३ करोड ७८ लाख गरी आर्थिक वर्षको अन्तसम्मको बाँकी नगद तथा बैंक मौज्दात रकम रू. २१ अर्ब ५९ करोड ०५ लाख धनात्मक रहेकोमा चालु वर्षमा राजस्व अनुदान, अन्य प्राप्ति, लगानी वित्तीय प्रासी तर्फ जम्मा प्राप्ति रू. ७७ अर्ब १९ करोड ६९ लाख र जम्मा भुक्तानी रू. ७९ अर्ब १३ करोड ४२ लाख हुँदा कोष रू. १ अर्ब ९३ करोड ७२ लाखले ऋणात्मक रहेको छ । धरौटी, आकस्मिक कोष लगायत अन्य कोषको मौज्दात रकम रू.१९ अर्ब ५९ करोड ८२ लाख रहेको छ । गत आ.व.को नगद तथा बैङ्क मौज्दात रकम रू. २१ अर्ब ५९ करोड ०५ लाख गरी आर्थिक वर्ष २०८०।८१ को अन्तसम्मको बाँकी नगद तथा बैंक मौज्दात रकम रू. ७२ अर्ब २७ करोड ५१ लाख धनात्मक रहेको छ ।

## ❖ राजस्व

संघीय सरकारको आर्थिक वर्ष २०७९/८० मा जम्मा खुद राजस्व संकलन रू. ८ खर्ब ३४ अर्ब ०५ करोड ९५ लाख प्राप्त भएको थियो भने आर्थिक वर्ष २०८०/८१ मा रू.९ खर्ब २९ अर्ब ०४ करोड ७७ लाख प्राप्त भएको छ । प्रदेश सरकारको आर्थिक वर्ष २०७९/८० मा जम्मा राजस्व संकलन रू.९२ अर्ब ९८ लाख प्राप्त भएकोमा आ व आर्थिक वर्ष २०८०/८१ मा रू.९३ अर्ब ६० करोड ७५ लाख प्राप्त भएको छ । स्थानीय सरकार तर्फ आर्थिक वर्ष २०७९/८० मा जम्मा राजस्व रू. १ खर्ब ०८ अर्ब ८७ करोड १८ लाख प्राप्त भएकोमा आर्थिक वर्ष २०८०/८१ मा कुल रू. १ खर्ब २० अर्ब ५४ करोड २६ लाख प्राप्त भएको छ ।

समग्रमा तीन तहका सरकारको आर्थिक वर्ष २०७९/८० मा जम्मा राजस्व प्राप्ति रू.१० खर्ब ३४ अर्ब ९४ करोड १२ लाख प्राप्त भएकोमा आर्थिक वर्ष २०८०/८१ मा कुल रू. ११ खर्ब ४३ अर्ब १९ करोड ७९ लाख प्राप्त भएको छ ।

## ❖ खर्च

आर्थिक वर्ष २०८०/८१ मा संघीय सरकारको चालु तर्फको यथार्थ खर्च रू. ९ खर्ब २९ अर्ब १२ करोड ६४ लाख भएको छ भने पूँजीगत तर्फ रू. १ खर्ब ९२ अर्ब ०२ करोड ७३ लाख खर्च भएको छ । वित्तीय व्यवस्था तर्फ भने जम्मा खर्च रू.२ खर्ब ७२ अर्ब २४ करोड ७७ लाख समेत जम्मा खर्च रू. १३ खर्ब ९३ अर्ब ४० करोड १५ लाख रहेको छ ।

आर्थिक वर्ष २०८०/८१ मा प्रदेश सरकारहरूको चालु तर्फको यथार्थ खर्च रू. ७२ अर्ब ०२ करोड ७० लाख भएको छ भने पूँजीगत तर्फ कुल रू.१ खर्ब १२ अर्ब ०८ करोड ३२ लाख खर्च भएको छ । वित्तीय व्यवस्था तर्फ भने यस वर्ष कुनै खर्च नहुँदा कुल प्रदेश सरकारहरूको जम्मा खर्च रू. १ खर्ब ८४ अर्ब ११ करोड २ लाख रहेको छ।

२०८०/८१ मा स्थानीय सरकारको जम्मा खर्च रू.४ खर्ब २३ अर्ब ६९ करोड ०२ लाख रहेको छ । जसमा चालु तर्फको खर्च रू.२ खर्ब ७९ अर्ब ६८ करोड ३७ लाख भएको छ भने पूँजीगत तर्फ रू.१ खर्ब ४३ अर्ब ७५ करोड ६३ लाख खर्च भएको छ । वित्तीय व्यवस्था तर्फको जम्मा खर्च भने रू.३५ करोड २ लाख रहेको छ ।

आर्थिक वर्ष २०८०।८१ मा तिनै तहका सरकारको (बजेटरी र गैर बजेटरी निकायको )सरकारहरूवीच भएका दोहोरो खर्च घटाउँदा पश्चातको कुल खर्च रू. १६खर्ब ८२ अर्ब ०८ करोड ६६ लाख भएको छ । जसमध्ये चालु तर्फ रू. ९खर्ब ४३ अर्ब १० करोड ३३ लाख, पूँजीगत खर्च रू.४ खर्ब ६६ अर्ब ३७ करोड ८२ लाख र वित्तीय व्यवस्था तर्फ जम्मा खर्च रू.२ खर्ब ७२ अर्ब ५० लाख खर्च भएको छ।

आर्थिक वर्ष २०७९/८० मा संघीय सरकारको जम्मा खर्च रू. १४ खर्ब २१ अर्ब ३२ करोड ६९ लाख रहेको छ । जसमा चालु तर्फको यथार्थ खर्च रू.९ खर्ब ९१ अर्ब ५० करोड ६७ लाख भएको छ भने पूँजीगत तर्फ रू.२ खर्ब ३४ अर्ब ६२ करोड ४७ लाख खर्च भएको छ । वित्तीय व्यवस्था तर्फ भने जम्मा खर्च रू.१ खर्ब ९५ अर्ब १९ करोड ५४ लाख रहेको छ ।

आर्थिक वर्ष २०७९/८० मा प्रदेश सरकारहरूको जम्मा खर्च रू. २ खर्ब ४ अर्ब ६७ करोड ८६ लाख रहेको छ। जसमा चालु तर्फको यथार्थ खर्च रू.७९ अर्ब ८९ करोड ७९ लाख भएको थियो भने पूँजीगत तर्फ कुल रू. १ खर्ब २४ अर्ब १८ करोड ०६ लाख खर्च भएकोमा वित्तीय व्यवस्था तर्फ भने जम्मा खर्च ६० करोड रहेको थियो ।

आर्थिक वर्ष २०७९/८० मा स्थानीय तहको जम्मा खर्च रू.४ खर्ब ५३ अर्ब ८१ करोड ७७ लाख रहेको छ । जसमा चालु तर्फको खर्च रू.२ खर्ब ८४ अर्ब ७४ करोड ६१ लाख भएको छ भने पूँजीगत खर्च रू.२ खर्ब ८४ अर्ब ७४ करोड ६१ लाख खर्च भएको छ । वित्तीय व्यवस्था तर्फ भने जम्मा खर्च रू. ४२ करोड ९९ लाख रहेको थियो ।

आर्थिक वर्ष २०७९।८० तिनै तहका सरकारहरूको जम्मा खर्च रू.२० खर्ब ७९ अर्ब ८२ करोड ३३ लाख रहेको थियो।जसमा चालु तर्फ यथार्थ खर्च रू.१३ खर्ब ५६ अर्ब १५ करोड ०८ लाख भएको छ भने पूँजीगत खर्च रू.५ खर्ब २७ अर्ब ४४ करोड ७० लाख खर्च भएको छ । यसका अलावा वित्तीय व्यवस्था तर्फ भने जम्मा खर्च १ खर्ब ९६ अर्ब २२ करोड ५४ लाख रहेको थियो।

### ❖ वित्तीय हस्तान्तरण

आर्थिक वर्ष २०७९/८० मा संघीय सरकारबाट प्रदेश र स्थानीय तहमा कुल रू.३ खर्ब ९७ अर्ब ३५ करोड ९८ लाख हस्तान्तरण भएको छ । जसमध्ये संङ्घीय सरकारले प्रदेश सरकारलाई रू. ९९ अर्ब ६६ करोड ४२ लाख र स्थानीय तहलाई रू. २ खर्ब ९७ अर्ब ६९ करोड ६० लाख हस्तान्तरण गरेको छ । स्थानीय तहलाई प्रदेश सरकारबाट पनि रू. २६ अर्ब ३९ करोड ४४ लाख हस्तान्तरण भएको थियो । यसरी संङ्घीय तथा प्रदेश सरकारहरूबाट स्थानीय तहमा जम्मा रू.३ खर्ब २४ अर्ब ९ करोड ०५ लाख हस्तान्तरण भएको थियो ।

आर्थिक वर्ष  २०८०।८१ मा संघीय सरकारबाट प्रदेश र स्थानीय तहमा जम्मा रू. ३ खर्ब ३९ अर्ब ४१ करोड ६२ लाख हस्तान्तरण गरेको छ,जसमध्ये संङ्घीय सरकारबाट प्रदेश सरकारलाई रू.७६ अर्ब ०१ करोड ९९ लाख र स्थानीय तहलाई रू.२ खर्ब ६३ अर्ब ३९ करोड ६२ लाख हस्तान्तरण भएको छ । स्थानीय तहलाई प्रदेश सरकारबाट पनि रू. २१ अर्ब २० करोड ९७ लाख हस्तान्तरण भएको र संङ्घीय सरकारबाट हस्तान्तरण भएको रकम समेत गरी जम्मा रू.२ खर्ब ८४ अर्ब ६० करोड ६० लाख स्थानीय तहमा हस्तान्तरण भएको छ ।

## ❖ तीन तहका सरकारहरूको सञ्चित कोषको अवस्था

आर्थिक वर्ष २०७९।८० को अन्त्यमा सङ्घीय सञ्चित कोष कुल रू. १ खर्ब ८१ अर्ब २६ करोड ७३ लाखले ऋणात्मक रहेको, सोही अवधिसम्म प्रदेश सञ्चित कोष ६४ अर्ब ४१ करोड ८६ लाख र स्थानीय संञ्चित कोष ७८ अर्ब ६४ करोड ४४ लाखले धनात्मक हुँदा तीन तहका सरकारको समग्र संञ्चित कोष ३८ अर्ब २० करोड ५४ लाखले ऋणात्मक रहेको थियो।

आर्थिक वर्ष २०८०।८१ मा सङ्घीय कुल प्राप्ति रू.१२ खर्ब ८४ अर्ब ६७ करोड ६३ लाख रहेको र कुल भुक्तानी रू.१३ खर्ब ४६ अर्ब २१ करोड १२ लाख तथा विनिमय दर वा अन्य समायोजन रू. १४ अर्ब ४४ करोड ५६ लाख भएबाट यस आर्थिक वर्षको शुरूको मौज्दात समेतको समायोजनबाट आर्थिक वर्षको अन्त्यमा सङ्घीय सञ्चित कोष कुल रू.२ खर्ब २८ अर्ब ३५ करोड ७६ लाखले ऋणात्मक रहेको छ ।यसै गरी प्रदेश सञ्चित कोष रू. ५० अर्ब ९० करोड ९८ लाख धनात्मक र स्थानीय संञ्चित कोष रू. ६० अर्ब ५० करोड ८० लाखले धनात्मक हुँदा तीन तहका सरकारको समग्र संञ्चित कोष रू.१ खर्ब १६ अर्ब ९३ करोड ९७ लाखले ऋणात्मक नै रहेको छ।

## ❖ धरौटी, कार्य सञ्चालन कोष लगायत अन्य कोषहरूको मौज्दात

आर्थिक वर्ष २०८०/८१मा तिनै तहका सरकारको धरौटी, विविध, कार्यसञ्चालन कोष लगायतका अन्य कोष खाताहरूमा आर्थिक वर्षको अन्त्यमा रू. १ खर्ब ७८ अर्ब ७८ करोड ९७ लाख मौज्दात रहेको छ ।अघिल्लो आर्थिक वर्षको अन्त्यमा यस्तो मौज्दात रकम रू. १ खर्ब ६८ अर्ब ३४ करोड ६२ लाख रहेको थियो ।

## ❖ फर्छ्यौट गर्न पेश्की बाँकी

तीन तहका सरकारको बजेटरी निकायको आर्थिक वर्ष २०७९/८० को अन्तमा रू. ७३ अर्ब ३१ करोड ६५ लाख कुल पेश्की बाँकी रहेको थियो भने गैर बजेटरी निकाय तर्फ यस्तो रकम रू. १ अर्ब ७० करोड ८२ लाख रहेको थियो । आर्थिक वर्ष २०८०/८१ को अन्तमा तिनै तहका सरकारको बजेटरी निकायको कुल पेश्की बाँकी रू. ३८ अर्ब ८८ करोड ४ लाख रहेको र गैर बजेटरी निकाय तर्फ रू. २ अर्ब ३४ करोड ९५ लाख पेश्की बाँकी रहेको छ।

## ❖ आन्तरिक लेखापरीक्षणबाट कायम भएको बेरूजु

संघ तथा प्रदेश सरकारका बजेटरी निकायको आर्थिक वर्ष २०७९/८० मा आन्तरिक लेखापरीक्षण हुँदाका कायम भएको कुल बेरूजु रकम रू.३४ अर्ब १५ करोड ६४ लाख रहेको थियो। जसमा नियमित गर्नुपर्ने बेरूजु ५ अर्ब ६४ करोड ०७ लाख, असुल गर्नुपर्ने बेरूजु ५० करोड १७ लाख र पेश्की बेरूजु २८ अर्ब ०१ करोड ३९ लाख रहेको थियो। यस वेरूजु विवरणमा स्थानीय तहको आन्तरिक लेखापरीक्षणबाट कायम भएको बेरूजु समावेश गरिएको थिएन। आर्थिक वर्ष २०८०/८१ मा संघ तथा प्रदेश तथा स्थानीय तहका सरकारका बजेटरी निकायहरूको आन्तरिक लेखापरीक्षणबाट कुल रू.१६ अर्ब १६ करोड ४५ लाख बेरूजु कायम भएको छ ।बेरुजुमध्ये नियमित गर्नुपर्ने बेरूजु रू.३ अर्ब ८७ लाख, असुल गर्नुपर्ने बेरूजु रू.१ अर्ब ९४ करोड २५ लाख र पेश्की बेरूजु रू.११ अर्ब २१ करोड ३२ लाख रहेको छ।

### ❖ ऋण दायित्व

आर्थिक वर्ष २०८०/८१ मा नेपाल सरकारको कुल रू. ३ खर्ब ६० अर्ब ८ करोड ७५ लाख ऋण प्राप्ति भएको छ । यस मध्ये वैदेशिक ऋण रू.१ खर्ब २५ अर्ब ६६ करोड ६१ लाख र आन्तरिक ऋणातर्फ रू. २ खर्ब ३४ अर्ब ४२ करोड १४ लाख प्राप्ति भएको छ ।यस आर्थिक वर्षमा कुल रू.२ खर्ब २३ अर्ब २७ करोड ९५ लाख ऋणको सावाँ भुक्तानी भएको छ । आर्थिक वर्ष २०८०/८१ को अन्त्यसम्ममा नेपाल सरकारको बाँकी कुल ऋण दायित्व रू. २४ खर्ब ३४ अर्ब ९ करोड ९७ लाख रहेको छ । आर्थिक वर्ष २०७९/८० को अन्तसम्ममा नेपाल सरकारको कुल बाँकी ऋण दायित्व २२ खर्ब ९९ अर्ब ३५ करोड २४ लाख रहेको थियो । आर्थिक वर्ष २०८०/८१ सम्मको कुल बाँकी ऋण रकम मध्ये बाह्य ऋण रू.१२ खर्ब ५३ अर्ब १९ करोड ७९ लाख र आन्तरिक तर्फ रू.११ खर्ब ८० अर्ब ९० करोड १८ लाख दायित्व बाँकी रहेको छ ।

### ❖ ऋण तथा शेयर लगानी

आर्थिक वर्ष २०७९/८० सम्ममा सरकारको जम्मा ऋण लगानी रू.३ खर्ब ९७ अर्ब ६ करोड ५० लाख रहेको थियो । यस आर्थिक वर्षमा सरकारबाट रू.३२ अर्ब करोड ६५ लाख ऋण लगानी भएको छ। त्यस्तै आर्थिक वर्ष २०७९/८० सम्ममा सरकारको जम्मा शेयर लगानी ३ खर्ब ८५ अर्ब ७२ करोड १० लाख रहेको छ। यस आर्थिक वर्षमा सरकारबाट रू.१३ अर्ब ४१ करोड ६२ लाख लगानी भएको छ । आर्थिक वर्ष २०८०/८१ मा नेपाल सरकार र स्थानीय तहबाट समेत रू. ४१ अर्ब ८५ करोड ७८ लाख आन्तरिक ऋण लगानी भएको छ भने नेपाल सरकारबाट सार्वजनिक संस्थानमा शेयर लगानी रू. ६ अर्ब ९९ करोड ४३ लाख तथा वैदेशिक शेयर लगानी रू.२१ करोड ६० लाख रहेको छ ।

### ❖ भुक्तानी दिन बाँकी दायित्व रकम

तिनै तहका सरकारको आर्थिक वर्ष २०८०।८१ सम्ममा भुक्तानी दिन बाँकी दायित्व रकम रू. १८ अर्ब ७२ करोड ८० लाख रहेको छ । अघिल्लो आर्थिक वर्षमा यस्तो रकम रू. ८ अर्ब ७४ लाख रहेको थियो ।

### ❖ खर्च प्रतिवद्धता

